नेपाल सरकार

शहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

# नयाँ शहर आयोजना समन्वय कार्यालय

बबरमहल, काठमाडौं

## करार दरबन्दीमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना।

**(सूचना प्रकाशित मिति २०८१/०६/१८)**

यस आयोजना कार्यालय तथा मातहत कार्यालयमा कामकाज गर्ने गरी निम्न पदमा रही कामकाज गर्न देहायको संख्या र योग्यता भएका रा.प.तृतीय श्रेणीका कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा तोकिएको ढाँचामा दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। तोकिएको मिति भित्र निवेदन दिने उम्मेदवारहरु मध्ये न्यूनतम शैक्षिक योग्यता पुगेका आवेदकबाट प्राथमिकता अनुसार (क्रमसः १- श्री लोकसेवा आयोगले प्रकाशित गरेको विज्ञापनका आधारमा अस्थायी तथा वैकल्पिक योग्यता क्रममा भएका उम्मेदवार, २- त्रिभुवन विश्वविद्यालय लगायत मान्यता प्राप्त अन्य विश्वविद्यालयहरुवाट सम्बन्धित विषयमा सर्वोत्कृष्ट भएका (गोल्ड मेडलिस्ट) विद्यार्थीहरु तथा ३- आवेदकको प्राप्तांक र अनुभवको मुल्यांकन गरी योग्यता क्रमानुसार) छनौट गरी करारमा नियुक्ति दिई कामकाजमा लगाइने व्यहोरा जानकारी गराइन्छ। सी.नं. ६ र ७ को हकमा सम्बन्धित कार्यालयमा पनि तोकिएको अवधि भित्र दरखास्त दिन सकिने छ। उल्लेखित विज्ञापनका सम्बन्धमा विस्तृत विवरण र फारम कार्यालयको वेभसाईट www.ntpco.dudbc.gov.np मा राखिएको छ अन्य कुनै दुविधा भएमा कार्यालयको फोन नं.०१-५३६२४९६ मा समेत सम्पर्क राख्न सकिनेछ ।

| सि.नं. | विज्ञापन नं. | पद | सेवा/ समूह/ उपसमुह | माग पद संख्या | कामकाज गर्ने कार्यालय |
|---|---|---|---|---|---|
| १ | NTPCO-HR-01/081/082 | ईन्जिनियर- आर्किटेक्ट-प्लानर | नेपाल इन्जि./ सिभिल/ बि एण्ड आ | १ | नयाँ शहर आयोजना समन्वय कार्यालय बबरमहल, काठमाडौं |
| २ | NTPCO-HR-02/081/082 | ईन्जिनियर-सिभिल-स्ट्रक्चर | | १ | |
| ३ | NTPCO-HR-03/081/082 | नापी अधिकृत | नेपाल इन्जि./ सर्भे | १ | |
| ४ | NTPCO-HR 04/081/082 | अर्थशास्त्री | नेपाल विविध | १ | |
| ५ | NTPCO-HR-05/081/082 | वातावरण निरिक्षक | | १ | |
| ६ | NTPCO-NTP-Baireni-HR-01/081/082 | ईन्जिनियर* | नेपाल इन्जि./ सिभिल/ बि एण्ड आ | १ | वैरेनी गल्छी नयाँ शहर आयोजना कार्यालय, धादिङ |
| ७ | NTPCO-NTP-Patan-HR-02/081/082 | ईन्जिनियर | | १ | पाटन नयाँ शहर आयोजना कार्यालय,बैतडी |

**न्यूनतम शैक्षिक योग्यता**

१. ईन्जिनियर (आर्किटेक्ट/प्लानर) —लोकसेवा आयोगले विल्डिङ एण्ड आर्किटेक्ट उप-समूहको न्यूनतम योग्यता सहित मान्यता प्राप्त शैक्षिक संस्थावाट Architecture विषयमा स्नातक गरी Urban/Regional Planning वा Urban Design वा Urban Land Management वा Ecological Planning वा सो सरहको Planning विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको।

२. स्ट्रक्चर इन्जिनियर- लोकसेवा आयोगले विल्डिङ एण्ड आर्किटेक्ट उप-समूहको न्यूनतम योग्यता सहित मान्यता प्राप्त शैक्षिक संस्थावाट सिभिल स्ट्रक्चर विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको।

३. नापी अधिकृत - लोकसेवा आयोगको इन्जिनियरिङ, सर्भे समूहको न्यूनतम योग्यता सहित मान्यता प्राप्त शैक्षिक संस्थावाट जियोमेटिक्स ईन्जिनियरिङमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

४. अर्थशास्त्री - लोकसेवा आयोगको नेपाल विविध सेवा, अर्थशास्त्री पदको न्यूनतम योग्यता सहित मान्यता प्राप्त शिक्षण संस्थावाट अर्थशास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेको।

५. वातावरण निरीक्षक - लोकसेवा आयोगको नेपाल विविध सेवा, वातावरण निरीक्षक पदको न्यूनतम योग्यता सहित मान्यता प्राप्त शिक्षण संस्थावाट वातावरण विज्ञान/ वातावरण इन्जिनियरिङ वा सो सरहको विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको।

६. इन्जिनियर (वैरेनी गल्छी र पाटन नयाँ शहर): लोकसेवा आयोगले विल्डिङ एण्ड आर्किटेक्ट उप-समूहको न्यूनतम योग्यता सहित मान्यता प्राप्त शैक्षिक संस्थावाट Architecture वा Civil विषयमा स्नातक उत्तीर्ण गरेको।

**प्राथमिकता:**

१. लोकसेवा आयोगबाट आ.व.२०७६।०७७ देखी हालसम्म मिल्दो विज्ञापनबाट वैकल्पिक योग्यताक्रममा परेका तथा अस्थायी योग्यताक्रममा परेका मध्ये पछिल्लो बर्षको प्राथमिकतामा क्रमशः संघ, सम्बन्धित र अन्य प्रदेश, स्थानीय तह, सार्वजनिक संस्थानका आवेदकहरुमध्ये माथिल्लो योग्यताक्रममा रहेको।

CamScanner

२. प्राथमिकता १ बमोजिम छनौट हुन नसकेमा त्रिभुवन विश्वविद्यालय लगायत मान्यता प्राप्त अन्य विश्वविद्यालयहरुबाट सम्बन्धित विषयमा सर्वोत्कृष्ट (गोल्ड मेडलिस्ट) विधार्थीहरु मध्येबाट अनुभवी ।

३. प्राथमिकता १ र २ बमोजिम छनौट हुन नसकेमा, योग्य आवेदकहरुमध्येबाट न्यूनतम शैक्षिक योग्यतामा उच्चतम अंक र कार्य अनुभव।

<u>दरखास्त फाराभसाथ पेश गर्नुपर्ने अन्य कागजात:-</u>

१. नेपाली नागरिकताको प्रमाण-पत्र
२. बायो डाटा (ल्याण्ड पुलिंग/शहरी योजना तथा आर्किटेक्चर डिजाइनको अनुभव उल्लेख गरिएको)
३. सम्बन्धित विषयमा स्नातकोत्तर/स्नातक उत्तीर्ण गरेको प्रमाण-पत्र
४. लोकसेवा आयोगको वैकल्पिक र अस्थायी सूचीमा परेको हकमा प्रवेश पत्रको प्रतिलिपी वा सो खुल्ने अन्य कागजात
५. विश्वविद्यालयमा सर्वोत्कृष्ट भएको भए सोको प्रमाण-पत्र
६. ईन्जिनियरको हकमा इन्जिनियरिङ काउन्सिलको प्रमाण-पत्र

<u>सेवा सुविधा:</u> प्रचलित कानूनमा तोकिएबमोजिम हुनेछ ।

<u>सेवा अवधि:</u> २०८२ आषाढ मसान्तसम्म

<u>नोट:</u>- -रीत नपुगी वा आवश्यक कागजात पेश नभएको दरखास्त उपर कुनै कारवाही गरीने छैन ।

-दरखास्त दिने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुल्ला हुने दिनमा आवेदन बुझाउन सकिनेछ।

*बैरेनी गल्छी नयाँ शहरका लागि छनौट भएको जनशक्तिको नियुक्ति सो पदमा रहेको स्थायी जनशक्तिको विषयमा निर्णय भए पश्चात् मात्र गरिनेछ।

यस सम्बन्धमा कुनै जिज्ञासा भएमा नयाँ शहर आयोजना समन्वय कार्यालयको फोन नं.०१-५३६२४९६ मा सम्पर्क राख्न सकिनेछ।

आयोजना निर्देशक

CamScanner